वर्ष १३ । अङ्क २९७ । काठमाडौं । शुक्रवार, ८ भदौ २०७५ । Friday, 24 August 2018 । पृष्ठ ८+४ । मूल्य रू. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय
विद्युत विकास विभाग

## संखुवा खोला-१ जल विद्युत आयोजना वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

(प्रकाशित मिति : २०७५/०५/०८)

संखुवासभा जिल्लाको संखुवा खोलाबाट विद्युत उत्पादन गर्ने सम्बन्धमा संखुवा खोला-१ जल विद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको सिलसिलामा वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ उपनियम २ अनुसार सार्वजनिक सुनुवाई गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावकको नाम** : विद्युत बिकास बिभाग
**प्रस्तावको नाम** : संखुवा खोला -१ जल विद्युत आयोजना
**प्रभाव पर्न सक्ने गाउँपालिका/नगरपालिका तथा जि.स.स.** :
संखुवासभा जिल्लाको सिलीचोङ गाउँपालिका (साविक बाला र ताम्कु गा.वि.स. हरू) ।

**प्रस्तावको विवरण** : यस आयोजनाको लागि कोलुवा खोला र संखुवा खोलाको संगम देखि अन्दाजी ३५० मि. माथी संखुवा खोलाको वारपार लगभग २ मिटर उचाइको बाँध बाँधिनेछ र सुख्खा समयमा कोलुवा खोलाको पानी यस आयोजनामा मिसाउन कोलुवा खोलामा एउटा छुट्टै बाँध (१.३ मिटर उचाइको) बनाइने छ । सिलीचोङ गाउँपालिका अन्तर्गत नारोङ्वा गाउँ नजिक संखुवा खोलाको दाया भागमा जमीन मूनी विद्युत गृह निर्माण गरिनेछ । आयोजनाको बाँधवाट विद्युत गृह सम्म पानी लैजान लगभगः ४९५८ मिटर सुरूङ, ७९३ मिटरको पेनस्टक पाइप, र ४८.८५ मिटर उचाइको सर्ज साफ्ट निर्माण हुनेछ । यस आयोजनाको क्षमता संम्भाब्यता अध्ययन अनुसार करिव ४०.८२ मेगावाट हुनेछ र यसको डिजाइन वहाव अनुमानित ८.८३ घन मिटर प्रति सेकेण्ड हुनेछ ।

यस आयोजनावाट संखुवासभा जिल्लाको सिलीचोङ गाउँपालिका प्रभावित हुने छ । वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ उपनियम २ बमोजिम आयोजना कार्यान्वयन हुने गाउँपालिका/नगरपालिका मा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको सिलसिलामा सार्वजनिक सुनुवाई गरी आयोजनाको वारेमा राय सुझाव संकलन गर्नु पर्ने भएकोले सम्वन्धित गाउँपालिका र त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सामुदायीक वन, मध्यवर्ती क्षेत्र र अन्य सरोकारवाला व्यक्ति, संघ सस्थाहरूले आ-आफ्नो राय सुझाव र सल्लाहहरू लिखित वा मौखिक रूपमा दिनको लागि निम्न स्थान र मितिमा उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गरिएको छ ।

**मिति** : २०७५/०५/२३
**स्थान** : श्री बाला माध्यमिक विद्यालय, सिलीचोङ - २, बाला, संखुवासभा ।
**समय** : दिउसो ११:०० वजे ।

**राय सुझाव पठाउने ठेगाना**:

**प्रस्तावक**
विद्युत बिकास बिभाग
पोष्ट बक्स नं.५२०७, अनामनगर, काठमाडौं
फोन न. ४४८०३२६, ४४७९५०७,
फ्याक्स नं. ४४८०२५७

**परामर्शदाता**
इ.आर.एम.सी. र हाइड्रो कन्सल्ट ईन्जिनियरिङ्ग
लिमिटेड को संयुक्त उपक्रम
पोष्ट बक्स नं. १४४०८, बुद्धनगर, काठमाडौं
फोन नं. ४७८२५०७, फ्याक्स नं. ४७८५९२०